शहीदनगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
यदुकूहा, धनुषा

☎ ०४१-४१००२०,
☎ ०४१-४१००१९
Website-shahidnagarmun.gov.np
Email:-ito.shahidnagarmun@gmail.com

पत्र संख्या:-२०७८।०७९

मिती:-२०७८।०६।११

चलानी नं.:- ४३१

विषय:- आवश्यक सहजिकरण तथा सहयोग गर्न सम्बन्धमा।

श्री ९ वटै वडा कार्यालय

शहिदनगर नगरपालिका

उपरोक्त विषयमा २०७८।०५।३१ गतेको निर्णय अनुसार स्थगित राष्ट्रिय जनगणना २०७८ को स्थलगत तथ्याङ्क संकलन अन्तर्गत घर तथा घरपरिवार सुचिकरण कार्य मिति २०७८।०५।३० गते देखि २०७८।०६।१८ गते सम्म र मुख्य गणना कार्य २०७८।०७।२५ देखि २०७८।०८।०९ गते सम्म सन्चालन हुने भएकोले नागरिकको सहभागिता गराउन र पुर्ण गणना को प्रत्या भुत गर्न प्रयोजनको लागि प्रत्येक वडामा स्थानियतहका वडा कार्यालयले वडा स्तरिय जनगणना सहजिकरण समिति आजको मिति वाट ७ सात दिन भित्र गठन गरि नामावली पठाईदिनु हुन अनुरोध छ।

.............................................

सत्रुघ्न यादव

प्रमुख प्रशासकिय अधिकृत



Scanned with CamScanner

पहिचानमा सघाउने तथा गणनामा सहभागिताका लागि सचेतना लगायत कार्यमा सहयोग गर्ने,

(ङ) प्रचार प्रसार सामग्री वितरण गर्ने र गणना सामग्रीको सुरक्षामा सहयोग गर्ने ।

(२) उपदफा (१) बमोजिमका कार्य गर्न राष्ट्रिय जनगणनाको महाअभियानमा खटिएका कर्मचारीहरुले आवश्यक सहयोग र सहजीकरणका लागि स्थानीय संघ संस्था, समूह, समिति, यूवा क्लब, बाल क्लव, जन प्रतिनिधि, स्कूलका शिक्षक शिक्षिका, समाजसेवी, नागरिक समाज र व्यक्ति आदिसँग आवश्यक सहकार्य गर्न सक्नेछन् ।

(३) उपदफा (२) बमोजिम राष्ट्रिय अभियानमा स्वःस्फूर्त सहयोग गर्नु आम नागरिकको कर्तव्य हुनेछ ।

## परिच्छेद १०

## वडास्तरीय सहजीकरण व्यवस्थापन

### ७५. उद्देश्यः

जनगणनामा सबै नागरिकको सहभागिता गराई पूर्ण गणनाको प्रत्याभूत गर्न तथा राष्ट्रिय जनगणनाको स्थलगत कार्यलाई पारदर्शी ढंगले निश्चित समयसीमा भित्र सम्पन्न गरी गुणस्तरीय तथ्याङ्क उत्पादनमा सहयोग गर्नु वडास्तरीय जनगणना सहजीकरण व्यवस्थापनको प्रमुख उद्देश्य हुनेछ ।

### ७६. वडास्तरीय राष्ट्रिय जनगणना सहजीकरण समिति गठनः

(१) विभागले मापदण्डको दफा ३ को उपदफा (५) बमोजिम सबै स्थानीय तहले देहाय बमोजिम पाँच सदस्य वडास्तरीय राष्ट्रिय जनगणना सहजीकरण समिति गर्नु पर्नेछः-

(क) संयोजक, सम्बन्धित वडाको वडा अध्यक्ष -१

(ख) सदस्य, वडा कार्यालयले तोकेको वडास्थित विद्यालयको प्रधानाध्यापक -१

(ग) सदस्य, सम्बन्धित वडाको वडा अध्यक्षले तोकेको वडा सदस्य- १

(घ) सदस्य, सम्बन्धित वडाको वडा अध्यक्षले तोकेको महिला वडा सदस्य- १

(ङ) सदस्य सचिव, सम्बन्धित वडाको वडा सचिव -१

(२) उपदफा (१) बमोजिमको समितिमा वडाले स्थानीय जनगणना कार्यालयका प्रतिनिधि तथा आवश्यक नागरिक समाजका अन्य व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ ।



Scanned with CamScanner

(३) उपदफा (१) बमोजिम बैठक सञ्चालनका लागि स्थानीय तहले सामान्य कार्यविधि आफैं बनाउन सक्नेछन् ।

(४) उपदफा (१) बमोजिम सबै स्थानीय तहले मातहतका वडा कार्यालयलाई सहजीकरण समिति गठनको लागि सहयोग गर्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम गठन भएको समितिको सदस्यको नाम र फोन नम्वर सहितको जानकारी स्थानिय जनगणना कार्यालयले विभागलाई अनलाईन मार्फत उपलब्ध गराउनु पर्नेछ ।

(६) उपदफा (१) बमोजिमको समिति गठन तथा व्यवस्थापनको लागि स्थानीय तह वडा कार्यालयलाई आवश्यक सहयोग र थप निर्देशन जारी गर्नसक्नेछ ।

## ७७. सहजीकरण समितिको काम, कर्तव्य र अधिकार :

(१) दफा ७६ को उपदफा (१) बमोजिम सहजीकरण समितिको देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछः-

(क) गणना कार्यमा खटिने गणक तथा सुपरिवेक्षकलाई आवश्यक सहयोग गर्ने,

(ख) वडाका सबै घरपरिवार तथा व्यक्तिलाई गणना कार्यमा भाग लिन उत्प्रेरित गर्ने,

(ग) स्थानीय जनगणना कार्यालय वा जिल्ला जनगणना कार्यालयको समन्वयमा सहजीकरण गर्ने,

(घ) सुपरिवेक्षकलाई सामुदायिक प्रश्नावली भर्नको लागि आवश्यक सहयोग गर्ने,

(ङ) सबै नागरिकको सहभागिता गराउन र पूर्ण गणनाको प्रत्याभूत गर्ने गराउने।

(२) सहजीकरण समितिले देहाय बमोजिमको अन्य कार्यहरुमा सहयोग गर्नुपर्नेछः-

(अ) गणना पूर्वका कार्यहरुः-

(क) वडाहरुलाई गणनामा अपनत्व बोध गराउनु,

(ख) जनगणनाको समग्र प्रक्रियाको बारेमा जानकारी गराई स्थानीय तहको पूर्ण सहभागिता अभिवृद्धि गर्ने,

(ग) वडास्तरमा जनगणना सम्बन्धी सचेतना तथा प्रचार प्रसारको प्रवर्द्धन गर्ने,

(घ) वडाभित्र आवश्यक पर्ने सुपरिवेक्षक तथा गणकको लागि आवेदन दिन प्रोत्साहन गर्ने गरी प्रचार प्रसार गर्ने,

(ङ) जनगणनामा कोही नछुटुन्, कोही नदोहोरिउन् भन्ने सिद्धान्तलाई अवलम्बन गर्दै वडा क्षेत्रभित्र पूर्ण गणना (Complete Count) सुनिश्चित गर्ने,

(च) जनगणनालाई निष्पक्ष, भयरहित र यथार्थपरक बनाउन जिम्मेवारी लिने,



Scanned with CamScanner